# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## तिनाउ गाउँपालिका

पाल्पा



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## तिनाउ गाउँपालिका

पाल्पा



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, सशर्त बचत अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, लोकसेवा आयोगको परामर्श वेगर कर्मचारीको स्तरवृद्धि गरेको, सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाह यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण नगराएको एंव गराएतापनि भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं.
मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पाल्पा

**कैफियत सहितको राय**

हामीले तिनाउ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ४ करोड ७३ लाख ८२ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १ करोड ५४ लाख ६३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १२ लाख २३ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ६ लाख ९६ हजार र पेश्की रू. ० रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.१२ करोड ८६ लाख १ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१५ करोड ७ लाख १ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/नगर कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

तिनाउ गाउँपालिका, पाल्पा

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३९ | ३३ | ४७३८२ | ० | ० | ० | ३९ | ३३ | ४७३८२ | १५४६३ | २०६९६ | ११२२३ | ० | ० | ३१९१९ | ० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | | |
| | | | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तिनाउ गाउँपालिका पाल्पा | १२८६०१ | ० | २५२८२ | १०३३१९ | ० | ४७३८२ | १५०७०१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : तिनाउ गाउँपालिका, पाल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुन्दर प्रसाद श्रेष्ठ | २०७७-६-३० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शंकर पुरी | २०७७-६-३० | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४७,३८१,५०२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९,६७,६५,३६९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २९,४८,३५,८१४ | **चालु खर्च** | २९,१४,६४,८२७.५ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,२१,८४,६८५ | **पूँजीगत खर्च** | २०,६५,४०,८५६ |
| **राजश्व बाँडफाँट** | ११,०९,६२,६३७.५ | **वित्तीय/अन्य व्यवस्था** | ९६,२२,३०७ |
| **आन्तरिक आय** | ४,२१,१९,९२४.५४ | | |
| **अन्य आय** | ४७,२४,९९९.९६ | | |
| **कुल आय** | ४८,४८,२८,०६१ | **कुल खर्च** | ५०,७६,२७,९९०.५ |
| **बाँकी मौज्दात** | | ८,६१,१०,९४९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **वित्तिय विवरण** | |

**वित्तिय विवरण**

क) **स्थानीय संचितकोष**: पालिकाको अर्थिक वर्ष २०७८/०७९ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| विवरण | टिप्पणी | यस वर्षको रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ती/भुक्तानी | बस्तुगत /सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | **484379602.04** | **496973570.20** | **0.00** | **496973570.20** |
| **क.प्राप्ती (संचितकोषमा आम्दानी बाँधिने)** | | **484379602.04** | **484828061.20** | **0.00** | **484828061.20** |
| 1100 कर | 11 | 74570737.04 | 121705084.02 | 0.00 | 121705084.02 |
| 1300 अनुदान | | **370603000.00** | **327020499.20** | | **327020499.20** |
| संघीय सरकार | 12 | 336798000.00 | 294835814.20 | **0.00** | 294835814.20 |
| प्रदेशसरकार | 12 | 33805000.00 | 32184685.00 | **0.00** | 32184685.00 |
| जनसहभागिता | | 4000000.00 | 5999256.00 | **0.00** | 5999256.00 |
| १४००अन्य राजस्व | 11 | 35205865.00 | 30103221.98 | **0.00** | 30103221.98 |
| कोषकोबचत रकम सञ्चितकोष ट्रान्सफर | | | | 0.00 | |
| **ख. अन्यप्राप्ती** | | **12145509.00** | **12145509.00** | 0.00 | **12145509.00** |
| **कोषहरु** | | **10270189.00** | **10270189.00** | **0.00** | **10270189.00** |
| १ मर्मतसम्भार कोष | 24 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| २ प्रकोपव्यवस्थापन कोष | 24 | 5000000.00 | 5000000.00 | 0.00 | 5000000.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३ विवधखर्च खाता | 24 | 5270189.00 | 5270189.00 | 0.00 | 5270189.00 | |
| | | | ३कर्मचारी कल्याण कोष | 24 | 0.00 | 0.00 | 0.00 | **0.00** | |
| | | | **धरौटी** | 24 | 1875320.00 | 1875320.00 | 0.00 | 1875320.00 | |
| | | | **भुक्तानी (ग+घ)** | | **581567672.00** | **507627990.54** | **0.00** | **507627990.54** | |
| | | | **ग.भुक्तानी (संचित कोषबाट)** | | **571945365.00** | **498005683.54** | **0.00** | **498005683.54** | |
| | | | 21000 पारिश्रमिक/सुविधा | 18 | 57696000.00 | 37378841.18 | 0.00 | 37378841.18 | |
| | | | 22000 मालसामान तथा सेवाको उपयोग | 18 | 95971065.00 | 75735307.36 | 0.00 | 75735307.36 | |
| | | | 25000 सहायता | 18 | 150534000.00 | 145464795.00 | 0.00 | 145464795.00 | |
| | | | 2६000 अनुदान | 18 | 0.00 | 0.00 | 0.00 | 0.00 | |
| | | | 27000 सामाजिक सुरक्षा | 18 | 2519000.00 | 49000.00 | 0.00 | 49000.00 | |
| | | | 28000 अन्य खर्च | 18 | 34147000.00 | 32836884.00 | 0.00 | 32836884.00 | |
| | | | 31000 गैर वित्तिय सम्पती/पूँजिगत खर्च | 18 | 231078300.00 | 206540856.00 | 0.00 | 206540856.00 | |
| | | | निकासाफिर्ता सघीय सरकार | | 0.00 | 0.00 | 0.00 | 0.00 | |
| | | | निकासाफिर्ता प्रदेश सरकार | | 0.00 | 0.00 | 0.00 | 0.00 | |
| | | | **घ. अन्यभुक्तानी (१+२)** | | **9622307.00** | **9622307.00** | **0.00** | **9622307.00** | |
| | | | **१ कोषहरु** | | **8032067.00** | **8032067.00** | **0.00** | **8032067.00** | |
| | | | मर्मतसम्भार कोष | | 0.00 | 0.00 | 0.00 | **0.00** | |
| | | | प्रकोपव्यवस्थापन कोष | | 2795484.00 | 2795484.00 | 0.00 | **2795484.00** | |
| | | | विविधखर्च खाता | | 5236583.00 | 5236583.00 | 0.00 | **5236583.00** | |
| | | | कर्मचारीकल्याण कोष | | 0.00 | | 0.00 | **0.00** | |
| | | | **२ धरौटीफिर्ता** | | **1590240.00** | **1590240.00** | **0.00** | **1590240.00** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| कट्टीरकम दाखिला गर्न बाँकी | | 0.00 | | 0.00 | **0.00** |
| **ङ. योवर्षको बचत (न्युन)** | | **-97188069.96** | **-10654420.34** | **0.00** | **-10654420.34** |
| **च. गतवर्षको जिम्मेवारी रकम** | | **0.00** | **96765369.21** | **0.00** | **96765369.21** |
| १ सञ्चितकोष | | 90058762.96 | 90058762.96 | 0.00 | 90058762.96 |
| २ मर्मतसम्भार कोष | | 0.00 | 0.00 | 0.00 | 0.00 |
| ३ विपदव्यवस्थापन कोष | | 1002598.25 | 1002598.25 | 0.00 | 1002598.25 |
| ४ विविधखर्च खाता | | 1166349.00 | 1166349.00 | 0.00 | 1166349.00 |
| ३ धरौटी | | 4537659.00 | 4537659.00 | 0.00 | 4537659.00 |
| **वर्षान्तकोबाकी रकम (ङ+च)** | | | **86110948.87** | **0.00** | **86110948.87** |
| १ सञ्चितकोष | | 76881140.62 | 76881140.62 | | 76881140.62 |
| 3 मर्मतसम्भार | | 0.00 | 0.00 | 0.00 | 0.00 |
| ४ विविधखर्च खाता | | 1199955.00 | 1199955.00 | 0.00 | 1199955.00 |
| ४ विपदव्यवस्थापन कोष | | 3207114.25 | 3207114.25 | 0.00 | 3207114.25 |
| ३ धरौटी | | 4822739.00 | 4822739.00 | 0.00 | 4822739.00 |
| **बैक तथानगद बाँकी** | 24 | **86110948.87** | **86110948.87** | **0.00** | 86110948.87 |

**ख)कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा ईकाइ कार्यालयबाट सिग्यास मार्फत कारोबार भएका तर पालिकाको संचितकोषमा समावेश नहुने कारोबारहरुको विवरण निम्न अनुसार रहेको छ :**

| शीर्षक | वार्षिकबजेट | निकासा | खर्च | खर्चमध्येपेस्की |
|---|---|---|---|---|
| सामाजिक सूरक्षा कार्यक्रम | ७०१२१३२८ | ६९९४०५९४ | ६९९४०५९४ | ०० |
| **जम्मा रु.** | **७०१२१३२८** | **६९९४०५९४** | **६९९४०५९४** | **००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **लेखापरीक्षण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी यस गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखा तथा स्रेस्ताको सत्यताको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छनः- | |
| ३ | | | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस तीनाउँ पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवद्रधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय जनसंख्या सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यसपालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य, २०१।९९ वर्ग किलोमिटर क्षेत्रफल तथा १९ हजार रहेको छ । | |
| ४ | | | **लेखापरीक्षणको क्रममा असुली**<br><br>बैठक भत्ता, दैनिक भ्रमण भत्ता लगायत दोहोरो पेरेको रकम रु.२,०८,४००/- र जनप्रतिनिधिलाइ बढि भुक्तानी भएको ४५९०० समेत कुल जम्मा रु २५४३०० असुली भइ मिति २०७९।६।११ मा दाखिला भएको छ । | |
| ५ | | | **वित्तीय विवरण**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्<br>• पालिकाले गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी सञ्चितकोषको खाता राखेको छैन। लेखापरीक्षणको लागि पेश गरेको एकीकृत आर्थिक विवरणमा सञ्चितकोषको आम्दानी रु. ४८४८२८०६१।१९ उल्लेख गरेको छ ।पालिकाको लेखाप्रणाली व्यवस्थापन गर्ने SUTRA प्रणालीको म.ले.प.फा.न+ २७२ मा सञ्चितकोको आम्दानी रु. ५७४०११७६०।१६ रहेको छ। पालिकाले गत | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | वर्षको सञ्चितकोषको मौज्दात रु. ९००५८७६२।९६ अन्य राजस्वमा समावेश गरेको र एकीकृत आर्थिक विवरणमा भन्दा सुत्रमा रु. ८७५०६४।०० घटी आम्दानी बाँधेकोले र सुत्रमा गत वर्षको सो सुत्रसँग फरक परेको छ ।<br>• गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार सञ्चित कोषको मौज्दात रु.९००५८७६२।९६ र अन्य कोष तथा धरौटीको मौज्दात रु. ६७०६६०६।२५ समेत रु. ९६७६५३६९।२१ मौज्दात रहेकोमा पालिकाको म.ले.प.फा. २७२ मा रु. ५६२६८९३/- मात्र जिम्मेवारी अ.ल्या. देखिएको छ । पालिकाले म्यानुअल रुपमा एकीकृत आ.वि. तयार गरी लेखापपरीक्षणको लागि पेश गरेको कारण समग्रमा गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा हिसाब समायोजन गरी मिलान गरेको छ । लेखापरीक्षणमा पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार सुत्रमासमेत समायोजन गरी हिसाव अद्यावधिक गर्नु पर्दछ ।<br>• म.ले.प.फा.२७२ को अनुसूची २१ मा फिर्ता गर्न बाँकी रकम शून्य देखिएको छ । आर्थिक वर्ष भित्रै खर्च लेखैको कारण स्रेस्तामा फिर्ता गर्न बाँकी रकम शून्य देखिए तापनि संघीय सरकारको रु. ४६१०६१८५।८० र प्रदेश सरकारको रु. १६२०३१५ फिर्ता गर्न बाँकी अनुदानको चेक आर्थिक वर्ष ०७९।८० मा सम्वन्धित सरकारको सञ्चितकोषमा दाखिला भएको छ ।<br>• म.ले.प.फा.२७२ को अनूसूची २४ अनुसार विभिन्न कोषसमेत पालिकाको यस वर्षको मौज्दात बाँकी रु.८६११०९४८।८७ रहेको देखिन्छ । पालिकाले पेश गरेको बैंक स्टेटमेन्ट अनुसार रु. ८५८८००९९।८५ देखिन्छ। जसअनुसार म.ले.प.फा.२७२ र बैंक स्टेटमेन्ट रु.२३०८४९।१२ ले फरक देखिएको छ । पालिकाले म्यानुअली तयार गरेको एकीकृत आर्थिक विवरणमा रु. ८६११०९४८।८७ मौज्दात देखिएको छ । ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको पुर्ण प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ६ | | | **बैंक हिसाब मिलान**<br><br>कार्यालयको श्रेस्ता र बैंकमा रहेको रकम यकिन गर्न बैंक हिसाब समायोजन विवरण तयार गर्नुपर्दछ । पालिकाले बैंक हिसाब विवरण तयार गरेको छैन । श्रेस्ता अनुसार स्थानीय तह संचित कोष खातामा रु.७६८८११४०।६२ रहेकोमा बैंक स्टेटमेन्ट भिडान गर्दा रु.७६७९२३२२।६० मात्र भएकोले रु.८८८१८/- श्रेस्तामा भन्दा बैंकमा घटी रहेको देखियो । बैंक घटी भएको रकम असुल गर्नुपर्ने रु. | ८८,८१८ |
| ७ | | | **घटी जिम्मेवारी**<br><br>लेखापरीक्षण प्रतिवेदन अनुसार गत आ.व.को अन्तिम मौज्दात रु.९६८६६००००/- रहेकोमा कार्यालयले यो वर्ष रु.९६७६५३६९।२१ मात्र जिम्मेवारी सारेकोले रु.१००६३१/- घटी जिम्मेवारी सारेको देखियो । गत वर्षको आर्थिक विवरण तयार गर्ने क्रममा स्थानीय संचितकोषमा समावेश भएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.१०००००/- भुलवश छुट्टै प्रस्तुत भई अन्तिम मौज्दात बढी देखिएको कार्यालयको भनाइ रहेको छ । मौज्दात फरक देखिएको उक्त रकम सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ । | |
| ८ | | | **धरौटी दाखिला नगरेको**<br><br>लेखापरीक्षणको क्रममा स्थानीय तह धरौटी खातामा जम्मा हुनुपर्ने रु.१४२०७०/- धरौटी खातामा नपठाइ राजस्व खातामा दाखिला गरेको देखियो । उक्त रकम सम्बन्धित पक्षको नाममा धरौटी खातामा दाखिला गर्नुपर्दछ । रु. | १४२,०७० |
| ९ | | | **राजस्व अभिलेख**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ राजस्वको अभिलेख व्यवस्थापनको सफ्टवयरमा दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), व्यवस्थित गरे तापनि राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
| १० | | | **आन्तरिक राजस्व अनुमान तथा असुली**<br><br>यो वर्ष गाउँपालिकाले आफ्नै आन्तरिक स्रोतबाट जम्मा रु. ३६९०५८६५/- आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा रु.३०१६२१११।३६ आम्दानी गरेकोले लक्ष्यको तुलनामा रु. ६७४३७५३।६४ (१८.२७ प्रतिशत) घटी आम्दानी गरेको देखियो । गाउँपालिकाले आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय यकिन नगरेकोले अनुमानित आय र वास्तविक असुली विच ठुलो अन्तर रहेको छ । गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३), तयार गरी करयोग्य आय भएका सवैलाई करको दायरामा ल्याउनु पर्दछ । अस्वभाविक रुपमा राजस्व अनुमान गरी वजेटको दायरा वढाउने र घटी राजस्व असुली हुने आवस्थाले अनावस्यक र हचुवा कार्यक्रम वजेटमा समावेश हुने र ती कार्यक्रममा खर्च गर्न छुट्याएको बजेट आर्थिक वर्षमा रकमान्तर गरी अन्य कार्यक्रममा खर्च गर्ने जोखिम बढ्नुको साथै यस्तो अभ्यासले वजेटको मर्मलाई आत्मसाथ गर्न नसक्ने हुँदा राजस्व अनुमान र वजेट यथार्थपरक वनाउन पालिकाले ध्यान दिनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>स्थानीय विकास शुल्क<br><br>पालिका र खानी संचालन गर्ने विभिन्न कम्पनि बीच सहमती तथा तोकिएको दरमा खानी संचालनबापत पालिकालाई प्राप्त हुने स्थानीय विकास शुल्क समयमा प्राप्त गर्नुपर्दछ । पालिकालाई आ व ०७७।७८ मा देहाय अनुसार रु.१२९९२१८३।८६ स्थानीय विकास शुल्क प्राप्त भएकोमा आ व २०७८।७९ मा यस्तो शुल्क प्राप्त भएको देखिएन । खानी संचालकसँग समन्वय गरी स्थानीय विकास शुल्क असुल गर्नुपर्दछ ।
<table>
<tr><th>खानी संचालकको नाम</th><th>स्थानीय विकास शुल्क</th></tr>
<tr><td>सत्यवती खानी उत्खनन् प्रा लि कोलडाँडा</td><td>१९३५९४१।६४</td></tr>
<tr><td>डोलोमाइण्ड चुनढुंगा प्रा लि गिट्टीखानी</td><td>३०५१४३</td></tr>
<tr><td>सिद्धार्थ मिनरल्स प्रा लि तिनाउ</td><td>२१५७१७२</td></tr>
<tr><td>सर्वोत्तम मिनरल्स प्रा लि तिनाउ ३</td><td>५१७८०६३।९०</td></tr>
<tr><td>कंचन क्रेरिज प्रा लि</td><td>१९२८६७८।४६</td></tr>
<tr><td>अल्फा कन्स्ट्रक्सन एण्ड डेभ्लोप्स प्रा लि</td><td>१४८७१८५</td></tr>
<tr><td>जम्मा</td><td>१२९९२१८३।८६</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>वातावरण तथा विकास शुल्क<br><br>पालिका र खानी संचालन गर्ने विभिन्न कम्पनि बीच सहमती तथा तोकिएको दरमा खानी संचालनबापत पालिकालाई प्राप्त हुने वातावरण तथा विकास शुल्क समयमा प्राप्त गर्नुपर्दछ । देहायका खानी संचालक कम्पनीले पालिकालाई शुल्क बुझाउनुपर्ने गरी पालिकाले राखेको अभिलेख अनुसार देहाय बमोजिमको रकम असुल नभई बक्यौता रहेको देखियो । उक्त रकम असुल गर्नुपर्दछ । रु.</td><td>११,५००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>खानी संचालकको नाम</th><th>वातावरण तथा विकास शुल्क</th><th>वक्यौता वर्ष</th></tr>
<tr><td>सिद्धार्थ मिनरल्स प्रा लि तिनाउ</td><td>२५०००००</td><td>०७८।७९</td></tr>
<tr><td>सर्वोत्तम मिनरल्स प्रा लि</td><td>५०००००</td><td>०७७।७८</td></tr>
<tr><td>सर्वोत्तम मिनरल्स प्रा लि</td><td>३५०००००</td><td>०७८।७९</td></tr>
<tr><td>कंचन क्रेरिज प्रा लि</td><td>२५०००००</td><td>०७८।७९</td></tr>
<tr><td>अल्फा कन्स्ट्रक्सन एण्ड डेभ्लोप्स प्रा लि</td><td>२५०००००</td><td>०७८।७९</td></tr>
<tr><td>जम्मा</td><td>११५०००००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>सामुदायिक वन क्षेत्रको आय<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ ।पालिकाले आफ्नो क्षेत्रभित्र रहेका ८४ सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>व्यवसाय कर<br><br>पालिकाको आर्थिक ऐन २०७८ मा गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईने र असुल गरिने उल्लेख छ ।यो वर्ष पालिकाले व्यवसाय दर्ता गरी शुल्क सँकलन गरे पनि व्यवसाय कर असुल गरेको छैन । पालिका क्षेत्र भित्र साना होटल, कपडा पसल, जुत्ता चप्पल पसल, गहना पसल, गिफ्ट तथा खेलौना पसल जस्ता व्यवसाय सञ्चालनमा रहे तापनि तिनीहरूबाट व्यवसाय कर प्राप्त नगरेकोले पारित आर्थिक ऐनको पालना गरी व्यावासाय कर उठाउनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>जग्गा रजिष्ट्रेशन शुल्क<br><br>घर जग्गा कारोवारबाट प्राप्त हुने रजिष्ट्रेशन शुल्कबाट प्राप्त रकममध्ये मालपोत कार्यालयबाट बाँडफाँड भई यस पालिकालाई गत वर्ष रु.८८६४४१।२० प्राप्त भएकोमा यो वर्ष पालिकाले रजिष्ट्रेशन शुल्क वापतको रकम प्राप्त गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>अनुदानको अनुगमन – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, सामान खरिदमा बीउपूँजी तथा अनुदानमा समेत रु.८६४००८१।०० खर्च लेखेको देखिन्छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान कार्यविधी तयार गरेको छैन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>गो भौ नं र मिति</th><th>अनुदान पाउनेको नाम</th><th>प्रयोजन</th><th>वितरण रकम</th><th>कैफियत</th></tr>
<tr><td>१८।२०७८।७।१७</td><td>किशानलाइ वितरण</td><td>५० प्रतिशतमा थ्रेसर वितरण</td><td>१९०००००</td><td rowspan="6">कार्यविधि नवनाएको, किशानको आवश्यकता पहिचान नगरेको, तथा मेशिन सञ्चालनको कुनै मापदण्ड नतोकेको कारण किशानलाइ महङ्गोमा भाडामा लगाउने गरेको र हेफर नेपालवाट समेत सोहि</td></tr>
<tr><td>१९४।२०७८।११।१८</td><td>८ जना किशानलाइ वितरण</td><td>५० प्रतिशत अनुदान कम्वाइन्ड राइस मिल</td><td>१८५०००</td></tr>
<tr><td>३०७।२०७९।१।१३</td><td>विष्णुमाया गिरी</td><td>वाख्रा र बङ्गुर वितरण</td><td>१४४०००</td></tr>
<tr><td>३०८।२०७९।१।१३</td><td>भण्डारी एग्रोभेट सेन्टर बोडि सिमि धनिया विउ</td><td>बिउ वितरण</td><td>१४७०००</td></tr>
<tr><td>३।२०७८।९।२२</td><td>सिम्रिक कृषि सहकारी संस्थावाट खरिद</td><td>गौउको विउ २५०० के जि वितरण</td><td>१०२५००</td></tr>
<tr><td>४।२०७८।१०।५</td><td>कर्णाली एग्रो फर्म</td><td>ड्रागन फुट किवि वितरण</td><td>२९३८८०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५।२०७८।१०।१३</td><td>ग्रिन नेपाल एग्रो फर्मा</td><td>तरकारी खेतिको लागि सामाग्री</td><td>२१९०४०</td><td rowspan="11">प्रकृतिको काम भएकोमा दोहोरो पर्नसक्ने देखिएको</td></tr>
<tr><td>६।२०७८।११।२६</td><td>श्री किसान एग्रोभेट</td><td>तरकारी खेतिको लागि सामाग्री</td><td>१३०६४२</td></tr>
<tr><td>९।२०७८।१२।२३</td><td>एशिएन एग्रो ट्रेड भण्डारी एग्रोभेट</td><td>तरकारी खेतिको लागि सामाग्री</td><td>२०८०११</td></tr>
<tr><td>११।२०७९।१।४</td><td>किशान एग्रोभेट</td><td>तरकारी बीउ विजन वितरण</td><td>३९२०००</td></tr>
<tr><td>१४।२०७९।१।६</td><td>विन्दावासिनी एग्रोभेट सेन्टर</td><td>विउ विजन वितरण</td><td>१९६०००</td></tr>
<tr><td>१५।२०७९।१।८</td><td>भण्डारी एग्रोभेट सेन्टर</td><td>मकैको बीउ वितरण</td><td>१९६०००</td></tr>
<tr><td>१६।२०७९।१।२३</td><td>भण्डारी एग्रोभेट सेन्टर</td><td>मकैको बीउ वितरण</td><td>५२०००</td></tr>
<tr><td>१७।२०७९।२।३१</td><td>एसियन एग्रो ट्रेड</td><td>प्लाष्टिक पोखरी निशुल्क वितरण</td><td>४८०५१९</td></tr>
<tr><td>२०।२०७९।३।१२</td><td>नेपाल एग्रो घिमिरे</td><td>प्लाष्टिक पोखरी निशुल्क वितरण</td><td>३७३९१०</td></tr>
<tr><td>२२।२०७९।३।१८</td><td>नेपाल एग्रो फर्मा</td><td>धानको बीउ वितरण</td><td>१८२०००</td></tr>
<tr><td>२४।२०७९।३।१८</td><td>विन्दावासिनि एग्रोभेट सेन्टर</td><td>धानको विउ वितरण</td><td>४८१९००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२५।२०७९।३।२२</td><td>राम प्रवेश फलफुल नर्सरी भेट सेन्टर</td><td>फलफुल विरुवा वितरण</td><td>३७४७७९</td><td></td></tr>
<tr><td>१३७।२०७९।३।२१</td><td>भानु इन्टरप्राइजेजवाट खरिद</td><td>मिनि लिटर वितरण</td><td>२५८०९००</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८६४००८१</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम र योजना:</td><td></td></tr>
<tr><td>१७.१</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री ले गते रु. करोड लाख हजारको बजेट सभा समक्ष पेश गरेकोमा मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।</td><td></td></tr>
<tr><td>१७.२</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । प्रथम चौमासिकमा ६ प्रतिशत दोस्रो चौमासिकमा ३७ प्रतिशत र तेस्रो चौमासिकमा ५७ प्रतिशत पूँजिगत बजेट खर्च गरेको देखिन्छ । आषाढ महिनामा मात्र ३८ प्रतिशत पूँजिगत खर्च गरेको देखिएकोले वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>पालिका पूँजिगत</td><td>२०६५४०</td><td>१२३८२</td><td>७७१५४</td><td>११७००३</td><td>७८७०३</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>६</td><td>३७</td><td>५७</td><td>३८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७.३</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><td>मुख्य क्षेत्र</td><td>वार्षिक वजेट</td><td>खर्च रकम</td><td>खर्च प्रतिशत</td></tr>
<tr><td>आर्थिक विकास</td><td>७०९१०</td><td>६५९७६</td><td>९३</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२५७८८७</td><td>२२१९०७</td><td>८६</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>११५७२१</td><td>१०३८२९</td><td>८९</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>२६८०</td><td>२१९६</td><td>८२</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१२४७४५</td><td>१०४०९५</td><td>८३</td></tr>
<tr><td>जम्मा</td><td>५७१९४५</td><td>४९८००५</td><td>८७</td></tr>
</table>
पालिकाले उल्लेखित क्षेत्रमा बजेट विनियोजन गरी खर्च गरेको अवस्थालाइ विश्लेषण गर्दा पालिकाको विकास निर्माण हुने प्रमुख क्षेत्र पूर्वाधार क्षेत्रमा ११ करोड ५७ लाख २१ हजार बजेट विनियोजन गरेकोमा १० करोड ३८ लाख २९ हजार खर्च भइ खर्च प्रतिशत अन्य क्षेत्रभन्दा न्यून ८९ प्रतिशत रहेको छ । पालिकाले पूँजि निर्माण हुने तथा विकासको अनुभूति हुने क्षेत्रमा विनियोजन गरेको बजेटको खर्च प्रतिशतलाइ बढाउने तर्फ ध्यान दिनुपर्दछ ।साथै समग्र बजेट विनियोजन हेर्दा समेत रु ५७ करोड १९ लाख ४५ हजार बजेट विनियोजन गरेकोमा ४९ करोड ८० लाख ५ हजार खर्च गरी ८७ प्रतिशत खर्च गरेको देखिन्छ । पालिकाले बजेट खर्च प्रतिशतलाइ बढाउने तर्फ ध्यान दिनुपर्दछ।
</td><td></td></tr>
<tr><td>१७.४</td><td></td><td></td><td>
योजना र कार्यान्वयन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | १७६ | १५२९१९१४ |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | १७७ | ४५२२१४२२ |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | १० | ७९०५०९६ |
| ४ | दश लाख देखि ५० लाख सम्मका योजना | २८ | ७३३१४८७५ |
| ५ | ५० लाख भन्दा माथीका | ० | ० |
|  | जम्मा | ३९१ | १४१७३३३०७ |

</td><td></td></tr>
<tr><td>१७. ५</td><td></td><td></td><td>खर्च बिश्लेषण – पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १३०९०४४३१।०० राजस्व बाँडफाँड र अनुदानबाट रु ४८११६५६३७ समेत रु ६१२०७००६८ आम्दानी भएकोमा चालु तर्फ रु २९१४६४८२७ र पूँजिगत तर्फ रु २०६५४०८५६ समेत रु ४९८००५६८३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २६।२८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ७३०८९८४ खर्च भएको छ जुन आन्तरिक आयको ३१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ९१।७६ प्रतिशत चालु र ५।५८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च – पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।पालिकालेले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. २०३००३० भुक्तानी दिएको पाईयो । यसरी चालु प्रकृतिका कार्यक्रम पूजिँगत शिर्षकवाट गरेका केहि उदाहरणहरु निम्नानुसार हरेका छन् ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| गो भौ नं र मिति | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०।२०७८।७।१८</td><td>अरुसी ट्रेड एण्ड सप्लायर्स</td><td>ल्यापटप खरिद</td><td>४९७३००</td></tr>
<tr><td>७०।२०७८।९।११</td><td>नेचुरल इलेक्ट्रोनिक्स</td><td>कार्पेट</td><td>८४७४९</td></tr>
<tr><td>९०।२०७८।९।२७</td><td>विष्णुमाया गिरी</td><td>डस्विन</td><td>१९६०००</td></tr>
<tr><td>१६५।२०७८।११।६</td><td>लोयल कम्प्युटर सप्लायर्स</td><td>क्यामरा खरिद</td><td>५६६८९५</td></tr>
<tr><td>२१९।२०७८।११।२९</td><td>तानसेन स्पेश टाइम नेटवर्क</td><td>नेटवर्क जडान</td><td>३४००६२</td></tr>
<tr><td>४२४।२०७९।३।१५</td><td>सुरुचि इन्टरप्राइजेज</td><td>पर्दा पाइप खरिद</td><td>१८२१६०</td></tr>
<tr><td>४३३।२०७९।३।१७</td><td>मेनुका भेट फर्मा</td><td>पशु औषधी खरिद</td><td>४८९६२</td></tr>
<tr><td>४३८।२०७९।३।१८</td><td>अल्फा आइटि एण्ड एजुकेशन</td><td>ल्यापटप खरिद</td><td>११३९०२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२०३००३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन:</td><td></td></tr>
<tr><td>१९.१</td><td></td><td></td><td>तलबी प्रतिवेदनः निजामती सेवा ऐन, २०४९ को दफा ७(ख) मा कार्यालयले तलबी प्रतिवेदन पास नगराई खर्च लेख्न नमिल्ने कुरा उल्लेख छ। विगतका वर्षहरुमा कानूनी अस्पष्टताको कारण तलबी प्रतिवेदन पारीत नगराई खर्च लेखेकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।०५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गराउनु पर्ने स्पष्ट निर्देशन प्राप्त भएकोमा सो निर्देशनको पालना भएको पाईएन। तसर्थ पालिका मन्त्रालयको निर्देशन बमोजिम तलबी प्रतिवेदन पारीत गरेर मात्र खर्च लेख्ने गर्नुपर्दछ।पालिकाले आ ब ०७8।७9 को लागि तलबी प्रतिवेदन पारित नगरी रु १ करोड ६४ लाख ११ हजार तलब तथा ग्रेड रकम भुक्तानी गरेको कारण भुक्तानी भएको तलब तथा ग्रेड रकम एकीन गर्न सकिएन।</td><td></td></tr>
<tr><td>१९.२</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित संघबाट समायोजन भइ आएका ९ जना साविक स्थानिय निकायमा कार्यरत १ जना</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आन्तरिक पदपूर्ति १५ जना गरी जम्मा जम्मा २५ जना र बाकी ६ मध्ये ४ जना करारबाट पदपूर्ति भई २ वटा खाली रहेको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १९.३ | | | **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापना सोको संचालन गर्ने सकने व्यवस्था छ । पालिकाले यस वर्ष पालिकाले कर्मचारी कल्याण कोषमा रु.५,००,००० दाखिला गरेको छ । तर कर्मचारी कल्याण कोष संचालन सम्बन्धी कार्यविधि तयार गरेको देखिएन। तसर्थ नगरपालिकाले कर्मचारी कल्याण कोष संचालन सम्बन्धी कार्य विधि तयार गरी उक्त रकम खर्च तथा परिचालन गर्ने गर्नु पर्दछ । | |
| १९.४ | | | **कर्मचारी करार –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४४ जना कर्मचारीहरु करारमा राखि रु.१ करोड ११ लाख १३ हजार ८ सय खर्च लेखेको छ । | |
| २० | | | **न्यायिक समिति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी र यो बर्ष थप भएको समेत ८ विवाद दर्ता भएकोमा ७ वटा मात्र फछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २१ | | | **आन्तरिक नियन्त्रण प्रणाली:**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ५ ऐन, १ नियमावली, २९ कार्यविधि निर्देशिका र नर्म्स समेत ३५ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. १ करोड ६४ लाख ११ हजार खर्च लेखेको पाईयो ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• पालिकाले जिन्सी निरीक्षण गरी प्रतिवेदनलाइ कारयान्वयन गर्नुपर्नेमा हालसम्म जिन्सी निरीक्षण गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यवस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २२ | | | **आन्तरिक लेखापरीक्षणवाट कायम बेरुजु:**<br><br>स्थानीय सरकार संचालनऐन २०७४ को दफा ७७(२) मा स्थानीय तहले आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । साथै उक्त नियमको दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियतसम्वन्धित अधिकारीले अन्तिम लेखारीक्षण हुनु अगावै सम्परीक्षण गराउनुपर्नेव्यवस्था गरेको छ । पालिकाले आन्तरिक लेखापरीक्षणका दौरान उठान गरेको कैफियतलाईअन्तिम लेखापरीक्षण गर्ने समयसम्म पनि कुनै कारबाही गरेको पाइएन । अतआन्तरिक लेखापरीक्षकले औल्याएको व्यहोरा फछ्र्यौट भएको प्रमाण पेश गर्नुपर्ने रु।आन्तरिक लेखापरीक्षणका क्रममा उठान भएका कैफियत निम्नानुसार रहेका छन् । | १,८७९,९५७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | |
|---|---|
| अनुगमन तथा भ्रमण खर्चः कार्यालयको कामको शिलशिलामा विभिन्न स्थानमा भ्रमणमा खटिदा दैनिक भ्रमण भत्ता भुक्तानी भएको अवस्थामा अन्य भत्ता खान नपाउने व्यवस्था भ्रमण खर्च नियमावली २०६४ को नियम ७(११) मा व्यवस्था छ । भ्रमण खर्च नियमावली २०६४ नियम २१ मा भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्नेछ । कार्यालयले भ्रमण अभिलेख खाता व्यवस्थित राखेको पाइएन । | |
| कन्टीन्जेन्सी खर्चः गाँउपालिकाले कन्टिन्जेन्सी रकमको छुट्टै खाता राखी कार्यविधि तयार गरी सोही अनुसार खर्च गर्नुपर्नेमा सो नगरी खर्च गरेको देखियो । | |
| राजस्वः यस गाउँपालिमा रहेको राजस्व शाखाले आम्दानी रसिद र वडा कार्यालयबाट आम्दानी रसिद र मालपोत रसिद कम्यप्युटर प्रणालीबाट काट्ने गरेको पाइयो । यस आ.व.मा कार्यालयबाट कूल रु ३४६०६१७२।५४ आम्दानी भएको देखियो । साथै आ  व ०७७।७८ मा भन्दा यस आ व २०७८।७९ मा १३३५०५२१।०८ कम आन्तरिक स्रोत आम्दानी भएको पाइयो । | |
| सारुटोल सामुदायिक भवन निर्माण उपभोक्ता समिति तिनाउ ६ लाई भुक्तानी गर्दा बिलभरपाई भन्दा बढी भुक्तनी भएको रु | ८८१८। |
| गरा सुधार उपभोक्ता समिति तिनाउ ३ को लागत अनुमान र मूल्याङ्कनमा मेसिन प्रयोग गर्ने गरी गरिएको तर समितिले डोर हाजिरी फाराम पेश गरेको रकम रु | ५७७७७। |
| पासकुण्डा मोटरबाटो निर्माण उपभोक्ता समितिले भुक्तानी लिदा बिलभरपाई भन्दा बढी भुक्तानी भएको रकम रु | ४७३५। |
| वडा सचिव सुशिला भट्टराईले फागुन र चैत्र महिनाको वडागत खर्च भुक्तानी लिदा विलभरपाई भन्दा बढी भुक्तानी भएको रकम रु | १५००। |
| कृषि सामग्री खरिद गर्दा ग्रीन नेपाल एग्रो फर्मलाई भरपाई ले प्रमाण पेश गर्नुपर्ने रु | ९८०००। |
| गाँउपालिकाबाट सञ्चालित विभिन्न योजना अनुगमन भत्ता वापतको रकम बुझिलिदा अनुगमन प्रतिवेदन पेश नभएको र अनुगमन भरपाईमा हस्ताक्षर नभएको<br>ओम बहादुर घर्ति मगर रु ५१०० | ११९००। |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>दमयन्ती थापा रु ६८००।</td><td></td></tr>
<tr><td>३ न वडा भवन निर्माण उपभोक्ता समितिको रकम भुक्तानी गर्दा विल भरपाई भन्दा बढी रकम भुक्तानी भएको रु</td><td>४०२९४२।</td></tr>
<tr><td>सुत्केरी यातायात खर्च वापत सामुदायिक इकाई झुम्साले विलभरपाई भन्दा बढी रकम भुक्तानी भएको रु</td><td>३०००।</td></tr>
<tr><td>स्वास्थ्य सम्बन्धि जनचेतनामूलक कार्यक्रम समिक्षा तथा सामग्री खरिद विल भरपाई बढी भुक्तानी भएको रकम रु</td><td>१०६०।</td></tr>
<tr><td>तिनाउ जनरल सप्लायर्सबाट झोला (लोगो अंकित) र सम्मान सल खरिद गर्दा खरिद आदेश बिना खरिद गरेको देखिएको रकम रु</td><td>५५४७१।</td></tr>
<tr><td>खोप केन्द्रहरुमा कोभिड १९ विरुद्धको विभिन्न चरणको खोप कार्यक्रम हुँदा अनुगमन गरेकोमा अनुगमन प्रतिवेदन पेश नभएको रकम रु</td><td>९५०००।</td></tr>
<tr><td>विद्यालयका लागि खेलकुद सामग्री भलिबल,भलिबल नेट,क्यारम बोर्ड ,लुडो,चेस,पम्प भलिबल वितरण गर्दा वितरणको भरपाई भएकोप्रमाण पेश गर्नुपर्ने रु</td><td>२९२९९९।</td></tr>
<tr><td>बालकक्षा भुई बसाई व्यवस्थापन वापत लो बेड,कार्पेत र म्याट खरिद गरी कुन विद्यालयमा कति परिमाणमा वितरण गरिएको हो सोको भरपाई राख्नुपर्ने रकम रु.</td><td>४८९०००।</td></tr>
<tr><td>असहाय एवम् विपन्न वर्गका लागि शैक्षिक सामग्री वितरण गर्दा विद्यार्थीको भरपाई राख्नुपर्नेमा सो नराखेकेको हुँदा नियमित गर्नुपर्ने रकम रु</td><td>२९४०००।</td></tr>
<tr><td>चालु आ.व.०७८।७९ मा पालिकामा रहेको न्यायिक समितिमा जम्मा ८ वटा मुद्दा दर्ता भएकोमा ७ वटा फछ्यौट भएको र १वटा फछ्यौट हुन बाकी रहेको देखियो ।</td><td></td></tr>
<tr><td>रोजगारीबाट भएको आयको गणनाः आएकर ऐन २०५८ दफा ८ बमोजिजको आयकर तपशिल बमोजिमको कर्मचारीमा लाग्ने देखियो । कर रकम असुल गरी कर कार्यालमा दाखिला गर्नुपर्ने देखियो</td><td>६३७५५</td></tr>
<tr><td>
<table>
<tr><td>क्र.स.</td><td>नाम थर</td><td>रकम</td></tr>
</table>
</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>सुन्दर प्रसाद श्रेष्ठ</td><td>५१९३।२२</td></tr>
<tr><td>२</td><td>लक्ष्मी कुँवर</td><td>४३११।९३</td></tr>
<tr><td>३</td><td>शंकर पुरी</td><td>३१९७।५०</td></tr>
<tr><td>५</td><td>हरि प्रसाद पौडेल</td><td>५५८०।४१</td></tr>
<tr><td>६</td><td>कृष्ण कार्की</td><td>४१४५।८२</td></tr>
<tr><td>७</td><td>रिता कुमारी थापा</td><td>७३४०।८६</td></tr>
<tr><td>९</td><td>तुल बहादुर घर्ति मगर</td><td>५३८७।००</td></tr>
<tr><td>१०</td><td>कृष्ण ज्ञवाली</td><td>५३८७।००</td></tr>
<tr><td>११</td><td>ठाकुर सिं कुँवर</td><td>१०४१०।६८</td></tr>
<tr><td>१२</td><td>भुवन कुमारी ज्ञवाली</td><td>४२१७।७०</td></tr>
<tr><td>१३</td><td>विनिसरा दर्लामी</td><td>४९३८।६०</td></tr>
<tr><td>१४</td><td>रमा घिमिरे</td><td>२४३८।६०</td></tr>
<tr><td>१८</td><td>कमला जि.सी.</td><td>६९२४।४०</td></tr>
<tr><td>१९</td><td>चिरन्जिवी घिमिरे</td><td>६९२४।४०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>६३७५४.८७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>शिक्षण सहयोग अनुदान : शिक्षण सिकाई कार्यविधि, २०७७ को दफा ७ बमोजिम अंग्रेजी, गणित तथा विज्ञान विषयको शुन्य वा एक दरबन्दी भएका माध्यमिक विद्यालय र शुन्य दरबन्दी भएका आधारभूत विद्यालयलाई शिक्षण सिकाई अनुदानमा शिक्षण सेवा लिँदा छनौट भएका शिक्षकलाई सामान्यत: एक शैक्षिक सत्रका लागि करार सम्झौता गर्ने र विद्यालयमा आगामी वर्षहरुका लागि शिक्षण सहयोग अनुदान कोटा प्राप्त</td><td>२७२,९४९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>हुने सुनिश्चितता भएको अवस्थामा मात्र पुन: शिक्षण सेवा करार गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष शिक्षण सहयोग अनुदान प्राप्त गरेका विद्यालयलाई शिक्षक नियुक्त गरेको मिति देखिको अनुदान रकम निकासा गर्नुपर्नेमा १२ महिनाको तलब बराबरको अनुदान रकम निकासा गरेको देखियो । पालिकाले बढी निकासा दिएको अनुदान रकम सम्बन्धित विद्यालयबाट असुल गरी सङ्घीय संचितकोषमा दाखिला गर्नुपर्ने रू...
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>नियुक्ति मिति</th><th>दिएको अनुदान</th><th>दिनुपर्ने अनुदान रकम</th><th>बढी रकम</th></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">जनदीप मा वि वडा नं ६</td><td>२०७८।५।७</td><td rowspan="2">६२७००३</td><td rowspan="2">४४१७०९</td><td rowspan="2">१८५२९४</td></tr>
<tr><td>२०७९।२।१९</td></tr>
<tr><td>२</td><td>बुद्ध विकास मा वि वडा नं ५</td><td>२०७८।६।१३</td><td>८६३८४०</td><td>७७६१८४</td><td>८७६५५</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२७२९४९</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>बढी निकासा : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई प्रमाण र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिका अन्तर्गतका विद्यालयहरुलाई दिवा खाजा बापत निकासा दिएको विद्यालयहरुको नमुना परीक्षण गर्दा रुपा प्रा.वि. मा अध्ययनरत विद्यार्थीहरुको कुल हाजिरी दिन २१९३ को रु.३२८९५/- निकासा दिनुपर्नेमा रु.३९३३६/- निकासा दिएको पाइयो । दिवा खाजा बापत बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.</td><td>६,४४१</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>उपभोक्ता समितिवाट खरिद कार्य:</td><td></td></tr>
<tr><td>२५.१</td><td></td><td></td><td>उपभोक्ता समिमितवाट खरिद: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३)(ख) मा सार्वजनिक निकायले उपभोक्ता समितवाट निर्माण कार्यको लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने प्राविधिक सल्लाह दिने नापजाच गर्ने तथा सुपरीवेक्षण र गुणस्तर नियन्त्रण गर्ने व्यवस्था खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ । साथै उपभोक्ता समितिले जटिल प्रकृतिका कार्य गर्न नसकिने व्यवस्था नियमावलीको नियम ९७(९) मा व्यवस्था गरेकोमा पालिकाले ३९१ उपभोक्ता समितिवाट रु १४ करोड १७ लाख ३३ हजार वरावरको निर्माण कार्य गरेको देखिन्छ । प्राय जसो उपभोक्ता समितिले ढलानको कार्य, मेशिनरी कार्य, ग्याविनको कार्य, तथा भवन निर्माण जस्ता जटिल प्रकृतिका कार्य गर्ने गरेकोमा उक्त निर्माण कार्यमा गर्नुपर्ने ल्याव परीक्षण नहुने हुदाँ उपभोक्ता समितिले गरेको कार्यमा गुणस्तर कायम हुन नसक्ने हुदाँ नियमावलीले गरेको व्यवस्था वमोजिम जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिवाट नगर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५.२ | | | **जटिलसंरचना निर्माण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ ।साथै नियमावलीको नियम ९७(१२) मा निर्माण कार्य सम्पन्न भएपश्चात सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाइ हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य तथा उपभोक्ता समितिलाइ हस्तान्तरण नहुने सरकारी भवन निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराइ नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| गो भौ नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ४२७।२०७९।३।१५ | वडा नं ५ भवन निर्माण उ स | वडा भवन निर्माण | १८१२०८२ |
| ४७२।२०७९।३।२३ | वडा नं ४ वडा कार्यालय भवन निर्माण उ स | वडा भवन निर्माण | १२४३०४० |
| ४८३।२०७९।९।२४ | तिलोत्तमा मा वि निर्माण उ स | विद्यालय भवन निर्माण | २२१३५८५ |
| ४८८।२०७९।३।२४ | शिखरडाडा लिफ्टिङ खानेपानी उ स | खानेपानी तथा विद्युतिकरण | ५६८०००० |
| ४९२।२०७९।३।२४ | मस्याक स्वास्थ्य चौकि निर्माण उ स | स्वास्थ्य चौकि निर्माण | १६२१८६६ |
| १५१।२०७९।३।२४ | वडा नं ६ वडा भवन निर्माण उ स | वडा भवन निर्माण | ४२०८६२८ |
| १५२।२०७९।३।२४ | वडा नं ३ को वडा भवन निर्माण उ स | वडा भवन निर्माण | ४४०३०५२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td></td><td>२११८२२५३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५.३</td><td></td><td></td><td>
उपभोक्ता समितिले निर्माण व्यवासायीवाट निर्माण कार्य — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैँले सम्पन्न गराउनु पर्ने तथा कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नसकिने व्यवस्था गरेको छ । पालिकाले खरिद सम्झौता गरेका तपशिल वमोजिमका उपभोक्ता समितिले आफैले निर्माण कार्य गर्नुपर्नेमा सवै काम सव कन्त्याक्टर वा निर्माण व्यवसायीबाट गर्ने गरेको देखियो । यसरी उपभोक्ता समितिसंग खरिद सम्झौता गरी समितिले आफैँले निर्माण कार्य नगरी सब कन्त्याक्टरबाट निर्माण गरेको नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>गो भौ नं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>सव कन्त्याक्टरको नाम</th><th>निर्माण कम्पनीको भ्याट बिल रकम</th></tr>
<tr><td>३०।२०७८।८।१५</td><td>चाहानाचोक नयाँ गाउँ उ स</td><td>बाटो कटिङ</td><td>९४३८५</td><td>निरमाया कन्स्ट्रक्सन</td><td>१०००००</td></tr>
<tr><td>४६।२०७८।८।२६</td><td>गोबरवन्दी सत्यवती जगात उ स</td><td>रक कटिङ</td><td>९८००००</td><td>कैलाश शिव सप्लायर्स एण्ड इन्जिनियरिङ</td><td>१०९११९४</td></tr>
<tr><td>९८।२०७८।९।२९</td><td>खलखुले भित्रि मो वा उ स</td><td>बाटो कटिङ</td><td>१४३२२७</td><td>राइजिङ कन्स्ट्रक्सन</td><td>१५९१४१</td></tr>
<tr><td>१२३।२०७८।१०।२७</td><td>बुढासक नर्कल देउले उ स</td><td>रक कटिङ</td><td>१२६६३०</td><td rowspan="5">कैलाश शिव सप्लायर्स एण्ड इन्जिनियरिङ सप्लाययर्स</td><td>१३९९९९</td></tr>
<tr><td>१२४।२०७८।१०।२७</td><td>जाल्माघाट मो वा उ स</td><td>बाटो कटिङ</td><td>४९००००</td><td>५४६०६६</td></tr>
<tr><td>१३६।२०७८।१०।२०</td><td>सातपत्रे मरेक मो वा उ स</td><td>रक कटीङ समेत</td><td>२९४०००</td><td>३३४९८४</td></tr>
<tr><td>१३८।२०७८।१०।२१</td><td>यसपत्रि मो वा उ स</td><td>बाटो कटिङ</td><td>१९६०००</td><td>२२००००</td></tr>
<tr><td>२२०।२०७८।११।२९</td><td>गिजनचौर मधुवन उ स</td><td>बाटो कटिङ</td><td>४९००००</td><td>५४५६७१</td></tr>
</table>
</td><td>६,७२०,३२७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२३२।२०७८।१२।६</td><td>सुकेताल भकार्तुङ उ स</td><td>बाटो कटिङ</td><td>१४७०००</td><td rowspan="3"></td><td>१६७२९६</td></tr>
<tr><td>१५।२०७८।८।७</td><td>गोवरवन्दी सत्यवती गिजनचौर उ स</td><td>बाटो कटिङ</td><td>४५०२७०</td><td>५००३९१</td></tr>
<tr><td>५९।२०७८।११।५</td><td>देउराली अंकुशे कचल उ स</td><td>बाटो कटिङ</td><td>२६०१०५</td><td>२८९०७४</td></tr>
<tr><td>१६।२०७८।८।१०</td><td>झुम्सा चौकि भन्ज्यांग उ स</td><td>बाटो कटिङ</td><td>५००७१०</td><td>दमा सागर सप्लायर्स</td><td>६०००३०</td></tr>
<tr><td>४२।२०७८।९।१२</td><td>विभिन्न मोटर वाटो उ स</td><td>बाटो कटिङ</td><td>५८८०००</td><td>निरमाया कन्स्ट्रक्सन</td><td>७३४८८१</td></tr>
<tr><td>१५३।२०७८।११।२</td><td>जिल्माटोल सराङखोला माठ्ठागढि उ स</td><td>बाटो कटिङ</td><td>९८००००</td><td>तिनाउ एकता कन्स्ट्रक्सन</td><td>१२३११३५</td></tr>
<tr><td>२८७।२०७८।१२।२९</td><td>भैसिकट्टा पिपलगौडा उ स</td><td>बाटो कटिङ</td><td>९८००००</td><td>प्राप्ती राम एण्ड इन्जिनियर</td><td>११८०८५०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>६७२०३२७</td><td></td><td>७८४०७१२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५.४</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ३९१ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु १४१७३३३०७ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>एउटै कामका लागि दोहोरो भूक्तानिः पालिकाले कार्यसञ्चालन गर्दा मितव्ययी भई गर्नुपर्ने उल्लेख छ।गो भौ नं ४७ बाट शिक्षा समन्वय इकाई तानसेन शिक्षकहरुको कार्यसम्पादन मूल्यांकन फाराम बुझाउन गएको भनी मिति ०७८।५।८ मा लक्ष्मी कुंवरले दैनिक भ्रमण भत्ता रु ५४६० लिनु भएको र सोही मितिमा कृष्ण ज्ञवाली पनि शिक्षकहरुको कार्यसम्पादन मूल्यांकन फाराम बुझाउन शिक्षा समन्वय ईकाई तानसेन गएको भनी रु</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>५४६० भुक्तानी लिएको पाईयो।यसरी एउटै कामको लागि एकै स्थानमा २ जना गई दैनिक भ्रमण भत्ता दिनाले पालिकामा खर्चको भार बढ्ने तथा पालिकाको कार्य सम्पादनमा समेत प्रभाव पर्न जाने हुनाले यस्तो खर्च नियन्त्रण तर्फ पालिकाको ध्यान जानु पर्दछ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>पाईप खरिद तथा वितरणः कार्यालयले कुनै निर्माण कार्य गर्दा उक्त निर्माण कार्यको प्राविधिक कर्मचारीबाट लागत अनुमान तयार गराउनु पर्दछ । साथै निर्माण कार्य सम्पन्न भएपश्चात उक्त निर्माण कार्यको प्राविधिक कर्मचारीबाट नापजाँच गरि नापी किताबमा चढाई ठेक्का विल तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी सोहि आधारमा भुक्तानी गर्नु पर्दछ । कार्यालयले देहायका गोश्वरा भौचरबाट खानेपानी तथा सिंचाई कार्यको लागि विभिन्न साईजका पाईप सोझै खरिद गरि विभिन्न सप्लायर्सलाई जम्मा रु भुक्तानी गरेको छ।खरिद भएका पाईपहरु जिन्सीमा आम्दानी बाँधि गाउँपालिका विभिन्न व्यक्तिलाई वितरण गरेको देखिन्छ । यसरी व्यक्ति व्यक्तिलाई वितरण गरेको पाईप लेईङ ज्वाईन्टिङ गरेको सम्वन्धमा प्राविधिक कर्मचारीबाट नाप जाँच गरि नापि किताव तथा कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरेको नदेखिएकोले वितरण भएका पाईपहरुको सहि सदुपयोग भएको सम्वन्धमा एकिन हुन सकेन । त्यसैले ति पाईपहरु लेईङ ज्वाईन्टिङ गरेको सम्वन्धमा प्राविधिक कर्मचारीबाट नाप जाँच गरि नापि किताव तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ । रु
<table>
<tr><th>भौचर नं</th><th>आपूर्तिकर्ता</th><th>परिमाण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td rowspan="2">३०६</td><td rowspan="2">नेपाल ब्लयाकगोल्ड एण्ड एलाईड इन्डष्ट्रिज प्रा लि</td><td>२० मी मि एच डी पी पि एन १६</td><td rowspan="2">२१६९६</td></tr>
<tr><td>६०० मी ३६।१६ दर</td></tr>
<tr><td rowspan="2">४२५</td><td rowspan="2">नेपाल ब्लयाकगोल्ड एण्ड एलाईड इन्डष्ट्रिज प्रा लि</td><td>२५ मी मि एच डी पी पि एन १६</td><td rowspan="2">११५२६</td></tr>
<tr><td>२०० मी ५७।६३ दर</td></tr>
<tr><td rowspan="2"></td><td rowspan="2">नेपाल ब्लयाकगोल्ड एण्ड एलाईड इन्डष्ट्रिज प्रा लि</td><td>३२ मी मि एच डी पी पि एन १६</td><td rowspan="2">१८७५८</td></tr>
<tr><td>२०० मी ९३।७९ दर</td></tr>
</table></td><td>१२०,१६४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="2">४२५</td><td rowspan="2">नेपाल ब्लयाकगोल्ड एण्ड एलाईड इन्डष्ट्रिज प्रा लि</td><td>२० मी मि एच डी पी पि एन १६</td><td rowspan="2">२५३१२</td></tr>
<tr><td>७०० मी ३६।१६ दर</td></tr>
<tr><td rowspan="2"></td><td rowspan="2">नेपाल ब्लयाकगोल्ड एण्ड एलाईड इन्डष्ट्रिज प्रा लि</td><td>२५ मी मि एच डी पी पि एन १६</td><td rowspan="2">११५२६</td></tr>
<tr><td>२०० मी ५७।६३ दर</td></tr>
<tr><td rowspan="2"></td><td rowspan="2">नेपाल ब्लयाकगोल्ड एण्ड एलाईड इन्डष्ट्रिज प्रा लि</td><td>३२ मी मि एच डी पी पि एन १६</td><td rowspan="2">९३७९</td></tr>
<tr><td>१०० मी ९३।७९ दर</td></tr>
<tr><td rowspan="2"></td><td rowspan="2">नेपाल ब्लयाकगोल्ड एण्ड एलाईड इन्डष्ट्रिज प्रा लि</td><td>११० मी मि एच डी पी पि एन १६</td><td rowspan="2">२१९६७</td></tr>
<tr><td>२४ मी ९१५।३ दर</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१२०१६४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>सहभागी भत्ताः सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५ को ५ अनुसार पालिकाले कार्यक्रमहरुको नर्मस प्रयोग गरेको भन्ने भनाई रहेको छ।सो निर्देशिकाले सहभागीता भत्ता सम्बन्धमा प्रशिक्षार्थी छनौट गरी वा नगरी सञ्चालन गरिएको जुनसुकै प्रकारको तालिम गोष्ठीका सहभागीहरुलाई सहभागी भत्ता उपलब्ध नगराउने भनी सुचना गर्नु पर्ने उल्लेख भएको छ। छनौटमा परेका देहायका भौचर परीक्षण गर्दा विभिन्न तालिम कार्यक्रमहरुमा निर्देशिकाको विपरित हुनेगरी सहभागी भत्ता भुक्तानी भएको छ बाकी अन्यको हकमा पालिका आफैले यकीन गर्नुपर्दछ।यसरी नियम विपरित हुनेगरि प्रदान गरेको सहभागि भत्ता दिन नमिल्ने रु
<table>
<tr><th>गो भौ नं</th><th>कार्यक्रमको नाम</th><th>सहभागी संख्या</th><th>भत्ता दर</th><th>जम्मा रकम</th></tr>
</table>
</td><td>३२१,९००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२९३</td><td>न्यायिक समिति अन्तर्गत सचेतना कार्यक्रम</td><td>२६</td><td>७००</td><td>१८२००</td></tr>
<tr><td>२९६</td><td>न्यायिक समिति अन्तर्गत सचेतना कार्यक्रम</td><td>२६</td><td>७००</td><td>१८२००</td></tr>
<tr><td>१३०</td><td>सहकारी व्यवस्थापन तथा लेखा तालिम</td><td>११५</td><td>५००</td><td>५७५००</td></tr>
<tr><td>३७६</td><td>सहकारी तालिम तथा शिक्षा</td><td>४८</td><td>१०००</td><td>४८०००</td></tr>
<tr><td>३७६</td><td>सहकारी तालिम तथा शिक्षा</td><td>१८०</td><td>१०००</td><td>१८००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>३२१९००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>
पाइपको नापी नभएको: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले गरेको खर्चको सम्पूर्ण बील भर्पाइ तथा खर्चलाइ अनुमोदन गरेको प्रमाण कागजात सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपशिल वमोजिमका उपभोक्ता समितलाइ पाइप खरिदको भुक्तानी दिएकोमा धैरै परिमाणमा पाइप खरिद गरेको देखाउने तर उक्त पाइप कुन ठाँउमा जडान भएको भन्ने नापी पेश नगरेको देखियो । यसरी पाइप खरिद गरेपश्चात पाइपको सहि सदुपयोग भएको नापी तथा जडान देखिने प्राविधिक पुष्ट्याइ सहितको कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><td>गो भौ नं र मिति</td><td>उपभोक्ता समिति</td><td>भुक्तानी रकम</td><td>नापी पेश गर्नुपर्ने पाइप</td><td>नापी पेश गर्नुपर्ने रकम</td></tr>
<tr><td>४४२।२०७९।३।१९</td><td>ओरलोफोन खानेपानी उ स</td><td>२९४०००</td><td>३९०० पाइप जडान नभएको</td><td>२७५७२०</td></tr>
<tr><td>४५८।२०७९।३।२२</td><td>तालकुडा खानेपानी उ स</td><td>१४७००००</td><td>पाइप र फिटीङ जडान नभएको</td><td>११४११३२</td></tr>
</table>
</td><td>१,६२६,५४०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३१।२०७९।३।१९</td><td>ओखलढुङ्गा खानेपानी उ स</td><td>२८७६७४</td><td>९०० मिटरको नापी नभएको</td><td>७३५६३</td></tr>
<tr><td>४२१।२०७९।३।१४</td><td>धारादी खानेपानी उ स</td><td>१९६०००</td><td>६५० मिटर पाइप जडान नभएको</td><td>६२१६७</td></tr>
<tr><td>४३९।२०७९।३।१९</td><td>सिरभिन्दी खानेपानी उ स</td><td>३९०३९०</td><td>१८५० मिटर पाइप जडान नभएको</td><td>७३९५८</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१६२६५४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>चिउरेपानी खानेपानी आयोजना:<br><br>खानेपानी योजना सञ्चालन गर्दा संघीय बजेटवाट व्यवस्थापन भएकोमा सोको परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।</td><td></td></tr>
<tr><td>३०.१</td><td></td><td></td><td>संघीय सरकारको विशेष अनुदान सम्वन्धी कार्यविधि २०७५ को बुदा नं ८(२) मा विशेष अनुदान मार्फत प्राप्त अनुदान रकमवाट सञ्चालन हुने आयोजनाको निर्माण कार्य उपभोक्ता समितिवाट गर्न नपाउने व्यवस्था गरेको छ । पालिकामा चिउरेपानी खानेपानी आयोजनाको लागि १ करोड ६६ लाख वजेट संघीय सरकारवाट विशेष अनुदानको रुपमा प्राप्त भएकोमा पालिकाले सिभिल कार्य र सामाग्री खरिदको कार्य बोलपत्रको माध्यमवाट खरिद कार्य गरेकोमा पाइपको खरिद कार्य तथा मोटर र बिजुली लगायतको कार्य उपभोक्ता समितिवाट गर्ने गरी ६७३४६६६को लागत अनुमान तयार गरी यस वर्ष बिजुलीको तार पम्प सेट र फिटिङको सामान खरिद रु १९५८६८८ समेत जम्मा रु ४०३३२८५ भुक्तानी गरेको तथा उपभोक्ता समितिले कुनै सामान जडान समेत नगरेको देखिएकोले विशेष अनुदान कार्यविधि विपरित उपभोक्ता समितिवाट खरिद गरेको नियमसम्मत नभएको रु</td><td>४,०३३,२८५</td></tr>
<tr><td>३०.२</td><td></td><td></td><td>सिभिल कार्य: चिउरेपानी खानेपानी योजनाको सिभिल कार्य अन्तरगत टंकि बनाउने जिआ पाइप जडान सपोर्टिङ वाल निर्माण इन्टेक बनाउने लगाएतका कार्य गर्नका लागि ६५५५८३५ को लागत अनुमान तयार गरी बोलपत्रका माध्यमवाट खरिद गरी भैरव निर्माण सेवासंग रु ४८९४६५१ मा खरिद सम्झौता गरेकोमा मिति २०७९।३।१८ मा ४३२७९३० मा कार्य सम्पन्न गरेको देखिन्छ । कार्यसम्पन्न गर्दा तपशिल वमोजिमका आइटमहरु काम नै नगरी तथा केहि आइटमहरु धेरै नै कम गरेको अवस्थामा समेत कार्य सम्पन्न गरेको उचित मान्न सकिदैन । पालिकाले कार्यसम्पन्न गराउदा खरिद सम्झौता अनुसार सबै काम गराउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>आइटम नं</td><td>परिमाण</td><td>काम नगरेको परिमाण</td><td>दर</td><td>रकम</td></tr>
<tr><td>६ स्टोन मेशिनरी</td><td>६३।३१</td><td>४३।८४</td><td>९०००</td><td>३९४५५६</td></tr>
<tr><td>८सिमेन्ट कङक्रिट</td><td>११।९६</td><td>४।८४</td><td>१५०००</td><td>७२६४८</td></tr>
<tr><td>१५ पलास्टर</td><td>१००१</td><td>१५७।९</td><td>२००</td><td>३१५७९</td></tr>
<tr><td>११ फर्मा</td><td>७७०</td><td>१२३</td><td>५००</td><td>६१९४४</td></tr>
<tr><td>22 RVT DC CC</td><td>९</td><td>९</td><td>१०००</td><td>९०००</td></tr>
<tr><td>23 TAP</td><td>२००</td><td>२००</td><td>५००</td><td>१०००००</td></tr>
<tr><td>24 RVTS</td><td>४</td><td>४</td><td>२०००</td><td>८०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>६७७७२७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०.३</td><td></td><td></td><td>सामान खरिद: चिउरेपानी खानेपानी आयोजनाका लागि पालिकाले पाइप खरिदको लागि रु ५४९५८८३ मा सामान खरिदको लागत अनुमान तयार गरी बोलपत्रको माध्यमवाट नेपाल ब्रदर्श हार्डवेयर पोखरावाट रु ५३२३२८५ मा खरिद गरेको देखिन्छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ वमोजिम करारका शर्त अनुसार खरिद गरेको सामानको नापी तथा कार्य सम्पन्न गर्नुपर्नेमा पालिकाले खरिद गरेको सामानको हालसम्म समेत तपशिल वमोजिमको पाइपको नापी पेश नभएकोले उक्त पाइप जडान प्रतिवेदन पेश गर्नुपर्ने रु
<table>
<tr><td>पाइपको साइज</td><td>रनमिटर</td><td>दर</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>HDPE पाइप ३२ एमएम</td><td>२०००</td><td>८०</td><td>१६००००</td></tr>
<tr><td>HDPE पाइप ३२ एमएम</td><td>५००</td><td>६५</td><td>३२५००</td></tr>
<tr><td>HDPE पाइप २५ एमएम</td><td>४५००</td><td>४१</td><td>१८४५००</td></tr>
<tr><td>HDPE पाइप २५ एमएम</td><td>४५००</td><td>३२</td><td>१४४०००</td></tr>
</table>
</td><td>१,२२०,४५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>HDPE पाइप ६३ एमएम</td><td>८७५</td><td>३००</td><td>२६२५००</td></tr>
<tr><td>HDPE पाइप ४० एमएम</td><td>१५</td><td>१०३</td><td>१५४५</td></tr>
<tr><td>HDPE पाइप ७५ एमएम</td><td>१०००</td><td>२९५</td><td>२९५०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१०८००४५</td></tr>
<tr><td colspan="3">मु अ कर समेत कुल जम्मा</td><td>१२२०४५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रम: सुरक्षित नागरीक आवास कार्यान्वयन कार्यविधि २०७५ को वुदा नं ६ मा किस्ता वमोजिम गर्नुपर्ने कार्यप्रगति अनुदान उपलब्ध गराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीवाट उक्त रकम स्थानीय तहले असुल उपर गर्नुपर्ने व्यवस्था छ ।साथै प्राविधिकले लाभग्राहीले कार्य सम्पन्न गरेको प्रमाणीत गरी सकेपश्चात मात्र दोस्रो किस्ता भुक्तानी गर्नुपर्ने कार्यविधिमा उल्लेख भएकोमा पालिकाले यस वर्ष ९६ जना लाभग्राहीलाइ रु ५० हजारको दरले ४८ लाख भुक्तानी गरेकोमा कुनै पनि लाभग्राहीको प्राविधिक प्रतिवेदन नै तयार नगरी अन्तिम भुक्तानी दिएको देखिएकोले प्राविधिक नापी तथा कार्यसम्पन्न पेश गर्नुपर्ने रु</td><td>४,८००,००० </td></tr>
<tr><td>३२</td><td></td><td></td><td>शिखरडाडा लिफ्टिङ खानेपानी:<br><br>शिखरडाडा खानेपानी लिफ्टिङ योजना सम्पन्न गर्ने गरी उपभोक्ता समितसंग ओभरहेड कन्टेन्जेन्सी तथा श्रमदान र मु अ कर समेत समावेश गरी रु १ करोड १० लाख को लागत अनुमान वनाइ उपभोक्ता समितसंग २०७८ पोषमा खरिद सम्झौता गरेको देखिन्छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य मात्र उपभोक्ता समितिवाट गर्न सकिने व्यवस्था भएकोमा पालिकाले १ करोड भन्दा बढि लागत अनुमान भएको शिखरडाडा खानेपानी आयोजना निर्माण कार्य उपभोक्ता समितिवाट गरेको नियमसम्मत मान्न सकिदैन । यसमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।</td><td></td></tr>
<tr><td>३२.१</td><td></td><td></td><td>जटिल प्रकृतिको कार्य: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिवाट गर्न नसकिने व्यवस्था छ । पालिकाले शिखरडाडा खानेपानी योजना निर्माण कार्य गर्नका लागि विद्युतिकरणको कार्य गर्न मात्र २५८३१२८ को लागत अनुमान तयार गरी उपभोक्ता समितिवाट गरेको देखिन्छ । जटिल प्रकृतिको कार्य तथा उपभोक्ता समितिको क्षमताले नै गर्न नसकिने विद्युतिकरणको काम जस्तै ट्रान्सफर्मर खरिद HT र LT जडान लगायतका काम गरी उपभोक्ता समितलाइ भुक्तानी गर्नु नियमसम्मत मान्न सकिदैन । पालिकाले जटिल प्रकृतिका काम उपभोक्ता समितिवाट गराउने कार्यलाइ नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३२.२ | | | **धारा जडान:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चलाइ पुष्टि गर्ने बील भर्पाइ समित खर्च लेख्नुपर्ने व्यवस्था गरेको छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले समेत खर्चलाइ पुष्टि गर्ने बील भर्पाइ पेश गर्नुपर्नेमा एक घर एक धाराको पाइप तथा फिटिङका सामानहरु खरिद गरेको पालिकाले भुक्तानी गरेकोमा रु ४०९०३८ वरावरको धारा जडान हुन वाँकि देखिएकोले उक्त धाराहरु जडान गरेको प्रतिवेदन पेश गर्नुपर्ने रु | ४०८,०३८ |
| ३३ | | | **गैरसरकारी संस्थाबाट खरिद:**<br><br>कृषि तथा पशुवस्तुहरुको उत्पादन बृद्धि गर्नका लागि तथा रोजगार सिर्जना गर्ने उद्देश्यले पालिकाको ७५ प्रतिशत अनुदान तथा हेफर नेपालको २५ प्रतिशत लगानी गर्ने गरी पालिकाले २०७७ माघ १३ मा सम्झौता गरेको देखिन्छ । पालिकाले ३०९००००० तथा हेफर नेपालको कुल रु १०३९७१५० लगानी गर्ने गरी सम्झौता भएकोमा कार्यक्रमवाट पशु खरिद तथा वितरण कृषि उपकरण खरिद तथा वितरण गर्ने तालिक सञ्चालन गर्नका लागि पालिकाको बजेटवाट हेफर नेपालले खर्च गर्ने तथा हेफर नेपालको २५ प्रतिशत लागनी हेफरकोनै प्रशासनिक खर्चमात्र गर्ने गरी खरिद सम्झौता भएको देखिन्छ । यसरी पालिकाको ७५ प्रतिशत बजेट खर्च गर्नका लागि मात्र गैरसरकारी संस्थासंग सम्झौता गरी अनुदान वितरण गर्नु कानुन सम्मत मान्न सकिदैन । यसमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् । | |
| ३३.१ | | | **बिल बिजक :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च लेख्दा खर्चलाइ पुष्टि गर्ने बिल भर्पाइ पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले सम्झौता गरेको हेफर नेपालले बिल विजक नै जारी नगरी भुक्तानी लिएको देखियो । यसरी स्थानीय साझेदारवाट काम गराउने तथा विभिन्न फर्म पार्टिका बिल राखेर पालिकाको ७५ प्रतिशत भुक्तानी लिने गरेको देखियो । यसरी पालिकावाट यस वर्ष भुक्तानी भएको रु १ करोड ४६ लाख १ हजार ३ सयको बिल विजक जारी नै नगरी हेफर नेपाललाइ भुक्तानी गरेको देखियो । बिल बिजक जारी नै नगरी गैरसरकारी संस्थावाट खरिद गरेको अवस्थामा आयकर ऐन २०५८ को दफा ८८ मा सेवा सुल्कको भुक्तानीमा १५ प्रतिशत कर लाग्ने व्यवस्था गरेकोमा गैर सरकारी संस्थावाट भएको खरिद कार्यमा उक्त दफा वमोजिम १५ प्रतिशतले हुने रु २१९०१९५ असुल गर्नुपर्ने रु | २,१९०,१९५ |
| ३३.२ | | | **दोहोरो पर्ने गरी कार्यक्रम:** पालिकाको कृषि तथा पशु शाखावाट समेत कृषि उपकरण तथा बीउ विजन र किसानलाइ अनुदान वापत यस वर्षमात्र रु ८६ लाख ४० हजार वरावरको अनुदान वितरण गरेकोमा हेफर नेपालले समेत प्रत्येक वडामा ८ वटा समुहका दरले १२०० महिलालाइ सदस्य वनाइ अनुदान वितरण गर्ने गरेको देखियो । पालिकाले वितरण गर्ने अनुदान समेत प्रत्येक वडामा रहेको तथा हेफर नेपालले समेत यस वर्ष मात्र ४५९ वाख्र रु ३४४२३०० बोका ४२ थान रु १०७२६५० र बीउ बिजन वितरण रु ६९६९५० गरी जम्मा रु ५२०१९०० को वितरण गरेको देखिन्छ । सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रकृया पुरा नगरी सोझै खरिद गर्ने तथा किसानलाइ अनुदान वितरण गर्ने गरेको र एकै प्रकृतिका कार्य पालिका तथा हेफर नेपालवाट वितरण भइरहेकोमा दोहोरो अनुदान वितरण हुन सक्ने देखिन्छ । पालिकाले दोहोरो अनुदान वितरण भए नभएको सम्वन्धमा एकिन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.३ | | | हेफर नेपालले खरिद सम्झौता कार्यान्वयन गर्दा भविश्यमा आईपर्न सक्ने जोखिम न्यूनीकरणका लागि कर्मचारी, वितरण गरिने बाख्रा बोका पाठा पाठीको वीमा गराउनु पर्नेमा दोस्रो पक्षवाट यस्तो वीमा गराएको पाईएन । | |
| ३३.४ | | | **नगद अनुदान वितरण:** हेफर नेपालले ९६ जना किसानलाइ युवा उद्यमिहरुका लागि नगद अनुदान अन्तरगत ४० हजारका दरले ९६ जना उद्यमिलाई रु ३८ लाख ४० हजार नगद अनुदान वितरण गरेको देखिन्छ । नगद अनुदान वितरण गर्दा निश्चित मापदण्ड कार्यविधि तयार गर्नुपर्नेमा कुनै मापदण्ड तथा कार्यविधि नै नवनाइ नगद अनुदान वितरण गरेको नियमसम्मत मान्न सकिदैन । अनुदान वितरण गर्ने कार्य तथा वाख्रा वोका खरिद गरी वितरण गर्ने कार्यका लागि मात्र गैर सरकारी संस्था छनौट गरी पालिकाको ७५ प्रतिशत वजेट खर्च गर्नका लागि हेफर नेपालले २५ प्रतिशत मात्र आफ्नै कर्मचारीको तलब भत्तामा खर्च गर्ने गरेको देखिन्छ । यसरी गैर सरकारी संस्थाको लगानी नै नगर्ने पालिकाको ७५ प्रतिशत बजेटवाट अनुदान मात्र वितरण गर्ने गरी संस्थासंग खरिद सम्झौता गर्नु कानुनसम्मत मान्न सकिदैन । | |
| ३३.५ | | | **अनुपात भन्दा बढि भुक्तानी:** सम्झौताको बुदा न ७।१ अनुसार पालिकाको योगदान ७५ प्रतिशत र संस्थाको योगदान २५ प्रतिशत हुने उल्लेख भएकोमा यस बर्षको कुल खर्च रु १ करोड ८८ लाख ८ हजार मध्ये संस्थाको योगदान रु ४२ लाख ६ हजार ७ सय (२२।३६ प्रतिशत) र पालिकाको रु १ करोड ४६ लाख १ हजार ३ सय(७७।६३ प्रतिशत) रहेको छ । सम्झौता विपरित अनुपातिक कट्टी नगरी बढी भुक्तानी भएको रु ४९५३०२ असुल गर्नुपर्ने रु | ४९५,३०२ |
| ३४ | | | **उभोक्ता समितिवाट खरिद कार्य:**<br><br>उपभोक्ता समितिवाट निर्माण कार्य गर्दा पालिकाले फरक नर्म्सको प्रयोग गरेको तथा मालसामान खरिद गरेको भुक्तानी दिएको देखिन्छ । यसमा देखिएका व्यहोराहरु निम्नानुसार रहको छ । | |
